नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

## को सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८३।०४।०६**

वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषयविज्ञको रुपमा सूचीकृत हुन इच्छुक तोकिएको योग्यता पुगेका विषयविज्ञहरुको लागि दरखास्त आव्हान गरिएको छ।

यो सूचना प्रकाशन भएको मितिबाट ७ (सात) दिनभित्र आवेदन दिनु हुन अनुरोध छ। यस सम्वन्धी विस्तृत जानकारी यस मन्त्रालयको वेवसाईट www.moafe.gov.np, मन्त्रालयको सूचना पाटी तथा देहायको QR code scan गरी समेत हेर्न सक्नु हुनेछ।

**दरखास्त बुझाउने ठेगानाः-**
**श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय,**
**वातावरण तथा जैविक विविधता महाशाखा।**
**फोन नं.:- ०१-४२११५६७, ४२११६३८**
**इमेलः-** info@moald.gov.np, gunaso@moald.gov.np

**वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रुपमा सूचीकरण हुने सम्बन्धी कृषि, वन तथा पर्यावरण मन्त्रालयको सार्वजनिक सूचना।**

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (२ क) बमोजिम यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन र यससँग सम्वन्धित क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची, वातावरणीय व्यवस्थापन योजना पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनहरुमा राय सुझाव दिनको लागि सम्वन्धित निकायले सो निकायको प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित निकायको प्रतिनिधि तथा आवश्यकतानुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्ने कानूनी व्यवस्था बमोजिम विषय विज्ञहरुलाई विज्ञको रुपमा यसअघि सूचीकृत भईसकेका समेतलाई कायम राखे (यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाताको विषयविज्ञको रुपमा संलग्न भएका यसपुर्व सूचीकृत विज्ञहरु रोष्टरबाट स्वत: हट्ने) र थप विषय विज्ञ सूचीकृत हुनको लागि देहायको योग्यता र अनुभव भएका विषय विज्ञहरुलाई सूचीकृत हुनाको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**प्रथम पटक प्रकाशित मिति वि.सं.२०८३/०४/५**
**नेपाल सम्वत् ११४६**

वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रुपमा सूचीकृत हुन वातावरण विज्ञहरुको लागि दरखास्त आह्वान सम्बन्धी सार्वजनिक सूचना।

१. वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न सूचिकृत हुन इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र रितपुर्वक निम्न ठेगानामा देहायको विवरण सहित दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ। यो सूचना यस मन्त्रालयको सूचनापाटी र **Website: -moald.gov.np** मा समेत राखिएको बेहोरा अनुरोध छ।

**२. आवश्यक शैक्षिक योग्यता:-**

(क) नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र विदेशी शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेकाको हकमा त्रि.वि.बाट समकक्षता लिएको हुनु पर्नेछ।

(ख) सिभिल इञ्जिनियरिङ्ग वा मेकानिकल इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा केमिकल इञ्जिनियरिङ्ग वा बायो-केमिकल इञ्जिनियरिङ्ग वा बायो-मेडिकल इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा हाईवे इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग वा आर्किटेक्ट इञ्जिनियरिङ्ग वा हाईड्रोपावर इञ्जिनियरिङ्ग वा कृषि इञ्जिनियरिङ्ग वा भू-गर्भ इञ्जिनियरिङ्ग वा माइनिङ्ग इञ्जिनियरिङ्ग वा केमिकल इञ्जिनियरिङ्ग वा औद्योगिक इञ्जिनियरिङ्ग वा रेल्वे इञ्जिनियरिङ्ग वा मेटालर्जिक इञ्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा भूगोल वा शहरी विकास योजना वा,

(ग) स्वास्थ्य वा जनस्वास्थ्य विज्ञान वा चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन वा माईक्रोबायलोजी वा फोहोरमैला व्यवस्थापन वा,

(घ) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा,

(ङ) कृषि विज्ञान वा पशु विज्ञान वा,

(च) समाजशास्त्र वा मानवशास्त्र वा अर्थशास्त्र वा पुरातत्वशास्त्र वा दीगो विकास वा योजना व्यवस्थापन वा वित्त व्यवस्थापन वा,

(छ) वातावरण कानून वा,

(ज) जीव विज्ञान वा वनस्पति विज्ञान वा,

(झ) वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग वा वातावरण सम्वन्धी अन्य विषय।

**३. कार्य अनुभवः-**

**३.१ देहाय बमोजिमको कार्य अनुभव भएकोः-**

(क) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन प्रतिवेदन पूनरावलोकन वा स्वीकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा

(ख) माथि २ मा उल्लेखित शैक्षिक योग्यता हासिल गरि वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा

(ग) माथि २ मा उल्लेखित शैक्षिक योग्यता हासिल गरि उल्लेखित विषयमा स्नातक वा सो भन्दा माथिल्लो तहमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको वा कार्य अनुभव भएको वा

(घ) विगत तीन बर्ष देखि वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रुपमा रही काम गरेको।

**४. दरखास्त साथ संलग्न गरिनुपर्ने आवश्यक कागजातहरुः-**

(क) वैयक्तिक विवरण

(ख) उच्चतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि (समकक्षता आवश्यक पर्नेमा सो समेत)

(ग) कार्य अनुभव सम्बन्धी प्रमाणित प्रमाणपत्र

(घ) वातावरणीय अध्ययन सम्बन्धी तालिम प्रदान गर्न सम्बन्धीत निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्वन्धी कागजातको प्रतिलिपि।

(ङ) कम्तीमा गत आ.व. देखि यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाताको विषयविज्ञको रुपमा संलग्न नभएको भनी विषयविज्ञले स्व:घोषणा सहितको संलग्न ढाचाँको निवेदन पेश गर्नुपर्नेछ।

**५.दरखास्त बुझाउने ठेगानाः-**

**कृषि, वन तथा पर्यावरण मन्त्रालय (वातावरण तथा जैविक विविधता महाशाखा),**
**सिंहदरबार, काठमाडौं।**

इमेल- info@moald.gov.np, gunaso@moald.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोटो

**निवेदनको ढाचाँ**

विषयः विज्ञ सदस्यको रुपमा सूचीकरण गरि पाउँ।

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

उपरोक्त सम्बन्धमा मन्त्रालयको मिति २०८३/०४/०५ को सूचना बमोजिम म सूचनाको सि.नं. २ मा उल्लेखित खण्ड ............... संग सम्बन्धित विषयमा ................ शैक्षिक योग्यता हासिल गरी ................. विषयगत क्षेत्रको (बढीमा २ वटा) कार्य दक्षता भएकाले उक्त विषयगत क्षेत्रको विज्ञ सदस्यको रुपमा सूचिकृत हुन तपशिल बमोजिमका कागजात संलग्न राखि सि.नं.४ को खण्ड (ङ) संग सम्बन्धित गत आ.व. देखि परामर्शदाताको विषय विज्ञको रुपमा संलग्न नभएको स्वः घोषाणा समेत गरी यो निवेदन पेश गरेको छु ।

**निवेदक**

नामः-----------------

फोन नंः-----------------

ठेगानाः-----------------

इमेल ठेगानाः-----------------

**संलग्न कागजातहरु**

१. वैयक्तिक विवरण।
२. उच्चतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको आफैले प्रमाणत गरेको प्रतिलिपि (समकक्षता आवश्यक पर्नेमा सो समेत)।
३. कार्य अनुभव सम्बन्धी प्रमाणित प्रमाणपत्र।
४. वातावरणीय अध्ययन सम्बन्धी तालिम प्रदान गर्न सम्बन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपि ।